Article DOI: https://doi.org/10.3126/shss.v1i2.87655
**Spectrum of Humanities and Social Sciences (SHSS)**
A Multidisciplinary Bilingual Journal
ISSN 3059-9849; Volume 1, Issue 2, December 2025, pp. 161-168
Indexed in Nepal Journals Online (NepJOL)
Research Article

*Open access article*

# संस्कृत भाषिक चिन्तनमा शब्दार्थको सम्बन्ध

## [The Relationship of Vocabulary in Sanskrit Linguistic Thought]

**केशव लम्साल (Keshav Lamsal)**

सुर्खेत बहुमुखी क्याम्पस, सुर्खेत (Surkhet Multiple Campus, Surkhet)

**लेखसार**

प्रस्तुत लेख संस्कृत भाषिक चिन्तनअन्तर्गत शब्द र अर्थबिचको सम्बन्धमा केन्द्रित रहेको छ । गुणात्मक अनुसन्धान ढाँचामा रहेको प्रस्तुत लेख वर्णनात्मक तथा विश्लेषणात्मक विधि अपनाई तयार पारिएको छ । यस अध्ययनका लागि पुस्तकालयीय कार्य, मुडलमा राखिएको सामग्री र विभिन्न अनलाइनबाट सामग्रीको सङ्कलन गरिएको छ । पूर्वीय साहित्यशास्त्रीहरूले वैदिक युगबाट पनि शब्द र अर्थका बारेमा प्रशस्त चिन्तन गरेका छन् । वैदिक युगका यास्क र लौकिक युगमा पाणिनि, कात्यायन, पतञ्जलि, भतृहरि, नागेश आदिले शब्दार्थका सम्बन्धमा चर्चा गर्दै शब्द र अर्थ बिचको सम्बन्धलाई नित्य मानेका छन् । गौतम, कणाद र वात्स्यायनले भने शब्द र अर्थको कुनै सम्बन्ध नरहेको कुरामा सङ्केत गरेता पनि यास्क, त्रिमुनी, भर्तृहरि जस्ता अधिकांश पूर्वीय आर्चायहरू शब्द र अर्थको सम्बन्ध अनित्य नभई नित्य हो भन्ने निष्कर्ष निकालिएको छ । यस क्षेत्रमा केही अध्ययन भए तापनि प्रस्तुत शीर्षकमा आधारित भएर हालसम्म प्रभावकारी अध्ययन नभएकाले यसको अध्ययन गर्ने र गर्न चाहनेका लागि यस लेखले सहयोग पुऱ्याउने अपेक्षा रहको छ । संस्कृत भाषिक चिन्तनमा शब्द र अर्थसम्बन्धी अध्ययनहरू पाणिनी, भट्टहरि, कात्यानजस्ता आचार्यका ग्रन्थहरूमा विस्तृत रूपमा प्रतिपादित पाइन्छन् । यी अध्ययनहरूले शब्द र अर्थबिचको सम्बन्धलाई व्याकरणिक र दार्शनिक दृष्टिले स्पष्ट पारेका छन् । तथापि अघिल्ला अनुसन्धानहरूले मुख्यतः सिद्धान्तगत व्याख्यामा सीमित रही आधुनिक भाषिक चिन्तनसँगको तुलनात्मक अध्ययनमा पर्याप्त ध्यान पाइदैन । विभिन्न आचार्यहरूका मतमतान्तरहरू विश्लेषण पाइदैन । प्रस्तुत अध्ययनमा विभिन आचार्यहरूका मतमतान्तरसहित भाषिक चिन्तनसँगको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ ।

**प्रमुख शब्दावली** : वैदिक, लौकिक, निरूक्त, निघण्टु, स्फोटवाद

**Article Info.**

**Article History**
Received: 5 August 2025
Revised: 5 October 2025
Accepted: 20 November 2025

**Corresponding Author**
Keshav Lamsal
: keshavlamsal85@gmail.com

**Copyright Information**
Copyright 2025 © The author(s).
This journal is licensed under a Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.

**Publisher**
Graduate School of Humanities and Social Sciences
Mid-West University
Birendranagar, Surkhet
https://muodgshss.edu.np

**Abstract:** The article focuses on the relationship between words and meaning within the framework of Sanskrit linguistic thought. The descriptive and analytical research structured within a qualitative research model is employed for the study. The library and online sources show that scholars of Eastern literature have extensively reflected on the relationship between words and meaning since the Vedic period. Vedic scholars Yaska, and the Classical scholars Panini, Katyayana, Patanjali, Bhartṛhari, and Nagesh have discussed the connection between words and meaning, perceiving this relationship as eternal. However, thinkers like Gautama, Kanada, and Vatsyayana suggested that there is no connection between words and meaning. Despite these varying viewpoints, most Eastern scholars, including Yaska, Trimuṇi, and Bhartṛhari, concluded that the relationship between words and meaning is not transient but eternal. While there have been some studies in this area, this particular topic has not yet been thoroughly explored, making this article a valuable resource for those interested in further investigation. In Sanskrit linguistic thought, detailed studies on the relationship between words and meaning can be found in the works of scholars like Panini, Bhartṛhari, and Katyayana. These studies provide a clear understanding of the relationship between words and meaning from both grammatical and philosophical perspectives. However, previous research has mostly focused on theoretical interpretations and lacks sufficient comparative studies with modern linguistic thought. This study offers a comparative analysis of the views of various scholars on the subject.
**Keywords**: Classical, Etymology, Sphota theory, Vedic Dictionary, Vedic

## अध्ययनको पृष्ठभूमि

मानव सभ्यताको विकाससँगै भाषाको विकास भएको थियो। भाषिक अध्ययनको पूर्वीय परम्परा पूर्वीय संस्कृत भाषाबाट भएको इतिहास भेटिन्छ । संस्कृत भाषा संसारको सबैभन्दा पुरानो भाषा भएकाले यसको भाषिक चिन्तन परम्परा पनि निकै प्राचीन रहेको छ । विश्वमा पूर्वीय परम्पराका रूपमा विकसित र परिचित यो भाषा ज्ञानको स्रोत वा भण्डार पनि हो । भाषामात्र नभएर कला, संस्कृति, साहित्य, दर्शन आदिको बारेमा पूर्वीय दर्शनका वैदिक र लौकिक कालमा गहिरो चिन्तन र विश्लेषण गरेको पाइन्छ । यसरी भाषिक सिद्धान्त र व्याकरणको ऐतिहासिक विकासक्रमलाई हेर्दा संस्कृतको भाषिक चिन्तन ई. पू. १५०० देखि निरन्तर विकसित भइरहेको देखिन्छ (बन्धु, २०६४, पृ. ९) । पूर्वमा मानव जीवन, प्रकृति र ईश्वरका विषयमा चिन्तनको आरम्भ वैदिक कालबाट भएको पाइन्छ । त्यस्तै पूर्वीय संस्कृति, साहित्य, कला, भाषा र दर्शनको पृष्ठभूमि पनि ऋग्वेदलाई मानिएको छ । त्यस्तै पूर्वमा  भाषासम्बन्धी विभिन्न चिन्तनहरूको विकास ऋग्वेददेखि नै प्रारम्भ भए तापनि यसलाई अगाडि बढाउने काम विभिन्न व्याकरण सम्प्रदाय र दार्शनिक सम्प्रदायका नाममा वैदिककालबाट भएको पाइन्छ । भाषिक चिन्तनको विकासक्रमलाई वैदिक वा शास्त्रीय युग र लौकिक युग वा पाणिनिय व्याकरण सम्प्रदाय युग गरी दुई चरणमा बाँडेर अध्ययन गरिएको पाइन्छ (न्यौपाने र अन्य, २०६७, पृ. १) । यसै समयदेखि नै भाषामा शब्द र अर्थको सम्बन्धका बारेमा चर्चापरिचर्चा हुन थालेको पाइन्छ । शब्दबाट जे उच्चारण हुन्छ, त्यही नै त्यसको अर्थ हो, अर्थको कुनै दोस्रो अर्थ हुदैन । कुनै पनि भाषिक एकाइको कुनै पनि इन्द्रियले ग्रहण गरेर जे मानसिकता बन्छ त्यो नै अर्थ हो । यसरी शब्दको अर्थको सम्बन्ध आदि कालदेखि नै रहदै आएको छ (तिवारी, सन् १९८४, पृ. २६१–२६२) । जब भाषाका बारेमा अध्ययन हुन थाल्यो तब शब्द र अर्थको पनि चर्चा हुन थालेको प्रसङ्ग उपर्युक्त साक्ष्यहरूबाट प्रष्ट हुन्छ ।

पूर्वीय विद्वानहरूले व्याकरणका बारेमा गहन चिन्तन प्रस्तुत गरेजस्तै अर्थका बारेमा पनि आफ्नै दृष्टिबाट नैयायिकहरूले केही भिन्नाभिन्नै पक्षबाट चर्चा गरेका छन् । साहित्यशास्त्रीहरूले पनि शब्द र अर्थका बारेमा प्रशस्त चिन्तन गरेका छन् । तर उनीहरूको चिन्तन कोशीय अर्थका दृष्टिले भन्दा पनि आशयमूलक अर्थका दृष्टिले महत्त्वपूर्ण रहेको छ (बम, २०६४, पृ. १०) । यसरी भाषामा शब्द र अर्थको भूमिकालाई विद्वान्हरूले आआफ्ना विचार र तर्क प्रस्तुत गरेका छन् । प्रकाशले अँध्यारोलाई हटाएर उज्यालो दिए जस्तै शब्द र अर्थले भित्री ज्ञानको अन्धकारलाई हटाएर उज्यालो दिने काम गर्दछ । भाषाको प्राण भर्ने काम वा सार्थक बनाउने काम शब्दार्थले नै गर्दछ । "ज्योतिर्वज्ज्ञानानि भवन्ति" भनी पतञ्जलिले ज्ञानलाई ज्योति सरह निर्देश गर्ने अर्को पदार्थ शब्दलाई मानेका छन् । प्रत्यक्ष परोक्ष बाहिरी भित्री समस्त विषयलाई प्रभाव पार्ने मुख्य ज्योति भनेको शब्द हो । शब्दले कुनै न कुनै अर्थ बोकेको हुन्छ । कुनै शब्दबाट अर्थ बोध हुँदैन भने त्यस्तो अर्थ निष्प्राण हुने भएकाले विना शब्दको अर्थ र अर्थ विनाको शब्दको अव्यावहारिक हुन्छ । यसरी भाषाको शब्द शरीर हो भने अर्थ त्यसको भित्री तह हो । भित्री तहलाई  मिल्दोजुल्दो शाब्दिक शरीरले भावाभिव्यक्ति गरी एक हृदयमा उठेको भावना अर्को हृदय दर्पणमा प्रतिबिम्बित गराउँछ । जुन शब्द समूहले हार्दिक भावना व्यक्त गर्न सक्दैन, अर्को हृदय पटमा चित्रण गर्न सक्दैन, त्यस्तो शब्द शरीर निरर्थक र उपयोगहीन हुन्छ (शर्मा, २०५८, पृ. १–११) । यसरी भाषामा शब्द र अर्थलाई शरीर र आत्माको रूपमा हेरिन्छ । त्यसकारण भाषाको अर्थको सम्बन्धलाई पूर्वीय परम्परामा वैदिक कालदेखि नै चर्चापरिचर्चा हुँदै आएको पाइन्छ । यस लेखमा संस्कृत भाषिक चिन्तन परम्परामा शब्द र अर्थको सम्बन्धलाई नै मुख्य विषयवस्तु बनाएर अध्ययन गरिएको छ ।

## अध्ययनको उद्देश्य

भाषाको प्रयोग र अस्तित्व मानव समाजको विकाससँगै जोडिएता पनि यसको विषयमा वैज्ञानिक खोज अनुसन्धान धेरै वर्षपछि मात्र आएर भएको देखिन्छ। यसरी भाषाका बारेमा चिन्तनमनन वैदिक र लौकिक कालमा भए पनि यसको अध्ययन अनुसन्धान व्यावहारिक, प्रभावकारी र सहज ढङ्गले आज पनि हुन सकेको पाइदैन। भाषामा शब्द र अर्थको सम्बन्धका विषयमा वैदिक कालदेखि नै विभिन्न आचार्यहरूले चर्चा गरेका छन्। यसरी संस्कृत भाषिक चिन्तन परम्परामा शब्द र अर्थको सम्बन्धका विषयमा के कस्तो विश्लेषण गरिएको छ भन्ने प्रमुख समस्यामा आधारित भएर प्रस्तुत अध्ययन गरिएको छ। संस्कृत भाषिक चिन्तन विशेषतः शब्दार्थशास्त्र नेपाली भाषाको भाषावैज्ञानिक परम्पराको एउटा गहिरो र विकसित क्षेत्र हो। यद्यपि आधुनिक भाषाविज्ञानको दृष्टिले गर्दा यस क्षेत्रमा अनुसन्धान अन्तराल रहेको छ। प्रस्तुत अध्ययनको उद्देश्य संस्कृत भाषिक चिन्तनमा शब्द र अर्थबिचको सम्बन्धको विश्लेषण गर्नु रहेको छ।

## अध्ययन विधि

गुणात्मक अनुसन्धान ढाँचा र वर्णनात्मक तथा विश्लेषणात्मक विधि अपनाई तयार पारिएको यस अध्ययनको लागि सम्पूर्ण सामग्रीहरू पुस्तकालय कार्य र अनलाइनबाट सङ्कलन गरिएको छ। वर्णात्मक विधिमा संस्कृत भाषिक चिन्तनमा रहेका शब्द अर्थ सम्बन्धका सैद्धन्तिक विचारहरूलाई व्याख्या गरिएको छ। उदाहरणका लागि पाणिनी, मास्क, कात्यायन आदिका मतमतान्तरहरूलाई लिइको छ। त्यसैगरी विश्लेषणात्मक विधिमा विभिन्न ग्रन्थहरूमा रहेका विचारहरूको विश्लेषण गरिएको छ। जस्तैः शब्द नित्य वा अनित्य ? भन्ने प्रश्नमा पाणिनी कुमारिल भट्टजस्ता विद्वान आचार्यहरूले जोड दिएका छन्। पूर्वकार्य तथा सन्दर्भ पुस्तकका आधारमा गहन अध्ययन गरी समालोचनात्मक, शाब्दिक तथा तार्किक ढङ्गले व्याख्या विश्लेषण गरिएको छ। यस अध्ययनमा विभिन्न पुस्तक, ग्रन्थ ,लेख आदिलाई सूचना सङ्कलनको आधार बनाइएको छ। अध्ययनमा प्रस्तुत दाबीलाई पुष्टि गर्न आवश्यक तर्कहरू प्रस्तुत गरिएको छ। यस अध्ययनले संस्कृत भाषिक चिन्तन परम्परा अन्तर्गत वैदिक र लौकिक कालमा चर्चा भएको शब्द र अर्थको सम्बन्धको अध्ययनलाई स्पष्ट पार्ने र यस विषयमा अध्ययन वा शोध गर्ने र गर्न चाहने सबैका लागि उपयोगी रहने भएकाले औचित्यपूर्ण रहेको छ।

**सैद्धान्तिक पर्याधार**

प्रस्तुत अध्ययनमा संस्कृत भाषिक चिन्तनमा शब्दार्थको सम्बन्धका बारेमा चर्चा गरिएको छ। यसमा संस्कृत भाषाका आचार्यहरूको मतमतान्तरलाई लिएर विभिन्न उपशीर्षकका आधारमा अध्ययन गरिएको छ :

**संस्कृत भाषिक परम्परामा शब्द र अर्थको सम्बन्ध**

प्रस्तुत अध्ययन संस्कृत भाषिक चिन्तनमा शब्दार्थको सम्बन्धमा केन्द्रित रहेको छ। संस्कृत भाषिक चिन्तनमा शब्दार्थको सम्बन्धमा प्राचीन कालदेखि नै चिन्तनमनन् हुँदै आएको पाइन्छ। त्यसमा पनि शब्द र अर्थको सम्बन्ध संस्कृत भाषिक चिन्तन परम्परामा वैदिक तथा लौकिक कालदेखि नै विद्वान्, आचार्यहरूले गरेका छन्। यस सम्बन्धमा विभिन्न युग, सम्प्रदाय र विद्वानहरूले गरको चर्चा वा अध्ययनलाई निम्नानुसार प्रस्तुत गरिएको छः

**वैदिक युगमा शब्दार्थ**

वैदिक युगलाई शास्त्रीय तथा पाणिनिपूर्व युग पनि भनिन्छ। भाषाको सम्बन्धमा औपचारिक चिन्तनमनन यही युगबाट प्रारम्भ भएको पाइन्छ। यसअन्तगर्तत पनि पूर्ववैदिक युगमा चार वेद पक्षहरू पर्दछन् भने उत्तरवैदिक युग अनतर्गत वेदकै व्याख्या विवेचना गर्ने ब्राह्मणग्रन्थ, आरण्यक, उपनिषद्, निघण्टु, निरूक्त, प्रतिशाख्य आदि पर्दछन्। पूर्वमा सर्वप्रथम भाषिक चिन्तनको प्रारम्भ वेदबाट भएको हो। वेद पूर्वीय जगतको सबैभन्दा पुरानो ग्रन्थ हो र समस्त विद्याको मुहान पनि हो। वेदका अनेक स्थानमा वाणी, भाषाको उत्पत्ति, व्याकरण, छन्दको विश्लेषण, वाणीका भेदहरू, अक्षर, पद आदिको चर्चा गरिएको पाइन्छ। यसमा "चत्वारिवाक्" को कुरा उल्लेख गरिएको छ। वाक् अर्थात् वाणीका परा, पश्यति, मध्यमा, बैखरी गरी चार प्रकार हुन्छन् (न्यौपाने, २०६६, १५६–१५७)। ऋग्वेदमा जहाँसम्म ब्रम्हा पुगेको छ, त्यहाँसम्म वाणीको व्यापकता छ भनिएको छ। त्यस्तै ब्राह्मण ग्रन्थमा वैदिक शब्दको निर्वचन र निरूक्तमा त्यसको विशेष चर्चा गरेको पाइन्छ। गोपथब्राह्मणमा धातु, प्रतिपादक, लिङ्ग, वचन, विभक्ति, अक्षर, पद आदिको पारिभाषिक शब्दको प्रयोग गरिएको छ। कश्यपले आफ्नो रचना निघण्टुमा वैदिक शब्दको सङ्कलन गरेका र यास्कले तिनै शब्दको विवेचना गरेको पाइन्छ – आचार्य, २०७२, पृ. २४)। इ.पु. सातौँआठौँ शताब्दीका प्रसिद्ध भाषाचिन्तक यास्कले शब्दलाई कार्यका आधारमा नाम, आख्यात, उपसर्ग र निपातमा विभाजन गरी शब्दार्थको समेत चर्चा गरेका छन्। निघन्टु एक प्रकारका शब्दकोशहरू हुन्। जसमा वैदिक भाषाका शब्दहरू सङ्कलित थिए। संस्कृतमा प्रथम निरूक्तहरूका रूपमा परिचित यास्क वैदिक भाषाका व्याख्याता र भाषाचिन्तक मानिन्छन्। उनको निरूक्तमा १२९८ शब्दहरूको निर्वचन छ (बन्धु, २०६४, पृ. ११०)। यसरी संस्कृत भाषाका व्युत्पत्तिकार यास्कले भाषाका सम्बन्धमा महत्वपूर्ण योगदान पुऱ्याएका छन्।

यास्कले भाषाको सम्बन्धमा शब्द र अर्थको सम्बन्धलाई स्पष्ट रूपमा चर्चा गरेको पाइन्छ। उनका अनुसार शब्द र अर्थमा नित्य सम्बन्ध रहेको हुन्छ । शब्दलाई शरीर मान्दै अर्थलाई प्राण ठान्ने यास्कले अर्थविज्ञान अन्तर्गत उद्धार्थक, सत्तार्थक, विपरिमाणार्थक, बुद्ध्यार्थक, क्षयार्थक, विनाशशार्थक गरी ६ प्रकारका क्रियाको चर्चा गरेका छन् (न्यौपाने र अन्य, २०६७, पृ. ३)। उनले आफ्ना निरूक्तमा १३ सय शब्दको व्युत्पत्ति दिएका छन् । निरूक्तकार यास्क भाषिक चिन्तनका दृष्टिले पनि उल्लेखनीय मानिन्छन् किनभने उनले सम्पूर्ण शब्दहरू धातुबाट बनेका हुन् भन्ने मत प्रष्ट प्रस्तुत गर्दै भाषालाई प्राकृतिक वस्तुका रूपमा व्याख्या गर्न खोजेका छन्। व्याकरणिक प्रयोजनका आधारमा शब्दलाई नाम, आख्यान, उपसर्ग र निपात गरी चार वर्गमा विभाजन गर्न सकिने दृष्टिकोण प्रस्तुत गरेका छन् (बम, २०६४, पृ. १) । समग्रमा यस युगमा शब्द र अर्थको सम्बन्धमा यास्कले चर्चा गरेका र उनले शब्दले अर्थ दिनु भनेको शरीरमा प्राण भरेजस्तै हो भनेर पुष्टि वा व्याख्या गरेका छन्।

**लौकिक युगमा शब्दार्थ**

संस्कृत भाषिक चिन्तन परम्परामा लौकिक युगलाई पाणिनि युग पनि भनिन्छ। यस युगमा पाणिनिले भाषा र व्याकरणका क्षेत्रमा पुर्‍याएको योगदानलाई कहिल्यै बिर्सन सकिँदैन। यिनकै पालामा आएर भाषाले मानक रूपमा स्थिर भएपछि संस्कृति वाङ्मयको विकास र विस्तार भयो। पाणिनिलाई केन्द्रमा राखेर लौकिक युगलाई पूर्वपाणिनि युग, पाणिनि युग र उत्तर पाणिनि युग गरी तीन चरणमा विभाजित गरी अध्ययन भएको पाइन्छ।

**पूर्वपाणिनि युगमा शब्दार्थ**

यास्कपछि र पाणिनिभन्दा अघिको समयलाई नै पूर्वपाणिनि युग भनिन्छ। यसमा वैदिक तथा शास्त्रीय युगको प्रभाव ज्यादा छ। एकातिर वैदिक भाषा अध्ययन परम्परा जीवित थियो भने अर्कातिर लौकिक भाषा अध्ययनको क्रम पनि प्रारम्भ भइसकेको थियो। व्याडि, स्फोटायनजस्ता वैयाकरणबाट शब्दार्थ सम्बन्धी चिन्तनको आरम्भ भएको पाइन्छ। यस क्रममा सर्वप्रथम ऐन्द्र सम्प्रदायको प्रसङ्ग अगाडि आउँछ। देवताहरूले स्वर्गका राजा इन्द्रलाई शब्दका अर्थहरूको बोध सजिलो किसिमले गराउने व्यवस्था मिलाउन अनुरोध गरे। इन्द्रले प्रकृति र प्रत्ययको विभाजन गरी शब्दोपदेशको प्रक्रिया सुरू गरे भन्ने कुरा संस्कृति व्याकरण परम्पराले मानेको छ (बन्धु, २०६४, पृ. ११)। विद्वान्हरू ऐन्द्र सम्प्रदायका प्रमुख आचार्य भारद्वाज ऋषिलाई मान्दछन्। यस सम्प्रदायले पदलाई अर्थको एकाइ मान्दछ। गार्ग्य सम्प्रदायअन्तर्गत निरूक्तकार यास्कले शब्दमूलवादी आचार्यका रूपमा र उपसर्ग मात्र नभई अर्थका प्रकाशक पनि हुन्छन् भनेर शब्दार्थको चर्चा गरेका छन्। यसरी व्याडि, स्फोटायन जस्ता वैयाकरणबाट शब्दार्थ सम्बन्ध र स्फोटका माध्यमबाट भाषासम्बन्धी चर्चा भएको पाइन्छ।

**पाणिनि युगमा शब्दार्थ**

यस युगमा अष्टाध्यायीकार पाणिनि, वार्तिककार कात्यायन र महाभाष्यकार पतञ्जलि मुख्य हस्ती भएकाले यस युगलाई मुनित्रय सम्प्रदाय पनि भनिन्छ। पाणिनि यस सम्प्रदायका मात्र नभएर विश्वकै सबैभन्दा ठूला व्याकरणकार हुन्। पाणिनिको प्रसिद्ध कृति अष्टाध्यायीमा आठ अध्याय र ३९९६ सूत्रहरू रहेका छन्। उनले पहिलो र दोस्रोमा पद सङ्कलन, तेस्रो, चौँथो र पाँचौ अध्यायमा प्रकृति र प्रत्यय विभाजन र छैठौ, सातौँ र आठौँमा शब्दार्थ निर्माण प्रक्रियाको चर्चा गरेका छन्। पूर्वीय व्याकरणको सबैभन्दा उच्च कोटिको ग्रन्थ अष्टाध्यायी नेपाली तथा पश्चिमी भाषा व्याकरणको आधारशीला पनि हो। यसै ग्रन्थमा आधारित भएर नै पतञ्जलिले महाभाष्य, कात्यायनले वार्तिक, भट्टोजिदीक्षितले सिद्धान्त कौमुदी आदि भाषासँग सम्बन्धित ग्रन्थहरू लेखिएका छन् (न्यौपाने, २०६६, पृ. १५९)। तिनमा भाषा र अर्थको सम्बन्धमा समेत चर्चा गरिएको छ।

शब्द र पदलाई छुट्टाछुट्टै ठान्नु पाणिनिको महत्वपूर्ण विशेषता हो। उनले शब्दलाई कच्चा पदार्थ ठान्दछन् तर जब तिनीहरूको प्रयोग हुन्छ तब ती पद हुन पुग्छन् भनेका छन्। त्यस्तै शब्दनिर्वचनका सम्बन्धमा पाणिनिले मध्यम मार्ग अपनाएको पाइन्छ। यास्कले सबै शब्दलाई धातु मानेकोमा त्यसको अनुसरण गर्दै प्रकृति प्रत्यय नदेखिने शब्दका सिद्धिका निम्ति एकातिर उणादि प्रत्ययको कल्पना गर्दछन् भने अर्कातिर अव्युत्पन्न प्रातिपदिक पनि मान्दछन् (न्यौपाने र अन्य, २०६७, पृ. ६–७)। शब्द र अर्थका सम्बन्धमा पनि पाणिनि, कात्यायन र पतञ्जलिले आ–आफ्नो कृतिमा चर्चा गरेका छन्। पाणिनि र कात्यायनले शब्दार्थ सम्बन्धलाई नित्य मानेका छन्। शब्द र अर्थका बिचको सम्बन्धको सिद्धता र नित्यताको अर्थ के हो भने शब्दमा अर्थबोध गराउने क्षमता पनि हुन्छ। लोक व्यवहारमा अनादि कालदेखि नै शब्द र वस्तुको सम्बन्ध रहँदै आएको छ। सूत्रकार, वार्तिककार र भाष्यकार महर्षिले पनि शब्दार्थ सम्बन्धलाई नित्य भन्दै आएका छन् (बन्धु, २०६४, पृ. १९)। यसबाट के स्पष्ट हुन्छ भने शब्दले दिने अर्थ निश्चायर्थक हुन्छ।

पाणिनि युगका अर्का विद्वान कात्यायनले पाणिनिका सूत्रको पूर्णता दिनका लागि वार्तिक लेखे। यिनले वेदका "चत्वारिवाक परिमिता पदानि" लाई नाम, आख्यात, उपर्सग र निपात भनेर अथ्र्याएका छन्। शब्दको नित्य र अनित्य पक्षको विवेचना गर्दै नित्य पक्षको स्थापनामा जोड दिएका छन्। संस्कृतका कतिपय शब्दलाई अष्टाध्यायीका सूत्रहरूले समेट्न सकेनन् भनेर 'शकन्धवादिषु पररूपं वाच्यम्'

जस्ता १५०० वार्तिक लेखेर तत्काल प्रचलित शब्दको सिद्धि गरेका छन् (न्यौपाने र अन्य, २०६७, पृ. ७)। यसरी अष्टाध्यायीमा भएका स्पष्टतालाई यिनले पुष्टि गर्ने काम गरेका छन्।

पतञ्जलिले आफ्नो प्रसिद्ध कृति व्याकरण महाभाष्यमा पाणिनीय अष्टाध्यायीका सूत्रहरूलाई मूल रूपमा र कात्यायनका कार्तिकहरूलाई परिपूरक रूपमा लिएर तिनीहरूले व्याख्या गरेका छन्। अर्थबोधका दृष्टिले शब्दलाई परिभाषित गर्दै जसका उच्चारणबाट माल, पुच्छर, सिङ, खुर, थुन आदि अवयव भएको प्राणीको बोध हुन्छ, त्यो गाई शब्द हो। उच्चरित ध्वनि वा शब्दको कुनै न कुनै अर्थ हुनुपर्छ। शब्दले चार प्रकारका (जाति, गुण, क्रिया र नाम) अर्थहरूको सङ्केत गर्दछ (उपाध्याय, २०६१, पृ. १६९)। यसरी पतञ्जलिले शब्दार्थ सम्बन्धमा नित्यता शब्दका मानक स्वरूपको निर्धारणजस्ता महत्वपूर्ण भाषिक कार्यहरू गरेका छन्। समग्रमा शब्दार्थ सम्बन्धमा नित्यता शब्द र अर्थका स्वरूपको निर्णय, अर्थ र प्रकरणमा जोड, अर्थ पछिका दृष्टिले शब्दको परिभाषा गर्नु जस्ता महत्वपूर्ण भाषिक कार्य गरेका छन्। यसरी त्रिमुनीले शब्दार्थ सम्बन्धमा नित्यताको निर्विवाद पुष्टि गरेका छन्।

**उत्तर पाणिनि युगमा शब्दार्थ**

उत्तर पाणिनि युग भनेर पाणिनि युग पछिका वैयाकरणहरूको सम्प्रदायलाई चिनिन्छ। यसलाई उत्तर मुनीत्रय सम्प्रदाय पनि भन्ने गरिन्छ। मुनित्रयको संस्कृत व्याकरण परम्परामा विशेष योगदान भएकाले अन्य वैयाकरणहरू ओझेलमा परे तापनि भर्तृहरि, जयादित्य वामन, रामचन्द्र, भट्टोजि दीक्षित, नागेश भट्ट आदिले भाषालाई स्फोटका रूपमा चर्चा गरेका छन् ( शर्मा, २०७७)। यस अन्तर्गत स्फोट, शब्दार्थसम्बन्ध, सबर्थ, तिङर्थ, पदको अर्थ, शब्दबोध, वाक्यार्थबोध, आदि जस्ता प्रमुख ग्रन्थहरू पर्दछन्। यसमा शब्दार्थका सम्बन्धमा वैयाकरणहरूले विशेष चर्चा गरेका छन्।

यस युगको सर्वोत्कृत व्याख्याकार भर्तृहरिले वाक्यपदीय ग्रन्थका तीन काण्डमध्ये प्रथम ब्रम्ह्काण्ड या आगमकाण्डमा शब्दब्रम्हको स्थापना गरेका छन्। भर्तृहरिले स्फोट र ध्वनिको व्याख्या पतञ्जलिकै आधारमा गरेका छन्। स्फोटका रूपमा जो शब्दतत्व हृदयमा रहन्छ त्यसको अभिव्यक्ति ध्वनिका रूपमा रहन्छ। शब्दबाट शब्द र अर्थ दुबैका बोध हुन्छ। यो शब्दबाट गाई वस्तु र गो शब्दको बोध त्यसरी नै हुन्छ (न्यौपाने र अन्य २०६७, पृ. ९)। यसरी यस समयमा आएर पनि अधिकांश पूर्वीय आचार्यहरूले भाषामा शब्द र अर्थको सम्बन्धलाई नित्य नै मानेका छन्।

शब्दार्थका विषयमा काव्यशास्त्रीहरूको विचार प्राय वैयाकरणहरूसँग मिल्छ। कालिदासले रघुवंशको प्रारम्भमा "वागर्थविवसम्पृक्तौ वागर्थप्रतिपत्तये" भनेर शब्द र अर्थको नित्य सम्बन्ध स्पष्ट पारेका छन्। भामह, दण्डी, वामन, रूद्र र आनन्दवद्र्धन आदि आचार्यहरूले शब्द र अर्थको नित्य सम्बन्धलाई नै सकारेका छन्। त्यस्तै जैन र तान्त्रिकहरूले पनि शब्दार्थ सम्बन्धबारे चिन्तन गरेका छन्। जैन प्रमाणिक प्रभाचन्द्र आचार्यले शब्द र अर्थ बिचको सम्बन्धलाई नित्य मान्दछन् भनेका छन् (बन्धु, २०६४, पृ. १९)। यस युगमा पनि शब्दार्थलाई नित्य मान्ने मत नै अगाडि देखिन्छ।

नैयायिकहरूको दृष्टिमा शब्द र अर्थका बिचको सम्बन्ध नित्य नभएर साङ्केतिक मानेका छन्। गौतमले आफ्नो न्यायसूत्रमा वात्स्यायनले आफ्नो न्यायभाष्यमा र जगदिशले शब्दशक्ति प्रकाशित शब्दप्रमाणका बारेमा विवेचना गरेका छन्। यसरी पूर्व आचार्यहरूको मतमा असहमति प्रकट गर्दै नैयायिकरण, कणाद र जयन्त भट्ट जस्ता आचार्यहरूले शब्द र अर्थका बिचको सम्बन्धलाई नित्य सम्बन्ध नमानेर साङ्केतिक सम्बन्ध मानेका छन्। यिनीहरूका विचारमा शब्द र अर्थका बिच सम्बन्ध छ तर यो सम्बन्ध साङ्केतिक हो। गौतम, कणाद र वात्स्यायनले सङ्केतको अर्थ गर्दै के भनेका छन् भने वाच्य वाचक नियमका विनियोग भन्नु नै सङ्केत हो। जयन्त भट्टले पनि आफ्नो न्यायमञ्जरीमा शब्द र अर्थमा वाच्यवाचक नियमको निर्धारण सङ्केत हो र त्यही नै सङ्केत सम्बन्ध हो भनेका छन् (पृ. १९–२०)। यसरी अनित्यवादीले शब्द र अर्थको सम्बन्ध नभएको कुरामा जोड दिएका छन्।

**शब्दशक्तिमा शब्दार्थ**

शब्दमा रहेको अर्थ बुझाउने सामर्थ्य वा व्यापारलाई शब्दशक्ति भनिन्छ। शब्दमा अर्थ प्रकट गर्ने शक्ति हुन्छ। शब्दमा अर्थबोध गराउने व्यापार वा सामर्थ्यलाई शब्दशक्तिका रूपमा लिइन्छ। अर्थका दृष्टिले शब्दहरू वाचक, लक्षक र व्यञ्जक गरी तीन प्रकारका हुन्छन्। वाचक शब्दमा अभिधा शक्ति, लक्षक शब्दमा लक्षणा शक्ति र व्यञ्जक शब्दमा व्यञ्जना शक्ति हुन्छ (शर्मा र लुइटेल, २०६१, पृ. १४)। यसरी अभिधाभित्र पनि रूढ, यौगिक, योगरूढ, लक्षणा पर्दछन् भने लक्षणाभित्र रूढी लक्षणा र प्रयोजनवती लक्षणा पर्दछन्। त्यस्तै व्यञ्जनाभित्र शाब्दि व्यञ्जना र आर्थी व्यञ्जना पर्दछन्। नागेशका अनुसार शब्दार्थ ज्ञान वृत्तिबाट हुन्छ। वृत्ति भन्नाले अभिधा, लक्षणा र व्यञ्जनालाई नै बुझाउँछ। नागेशले शक्ति वा अभिधाका तीन भेद रूढी, यौगिक र योगरूढी देखाएका छन्।

भाषाको प्रथम एकाइ शब्द हो र त्यसले अर्थसम्पादन गर्दा या अर्थ बुझाउने काम गर्दा जुन शक्तिको सहयोग मिल्छ त्यसलाई शब्दशक्तिको मानिन्छ। आचार्यहरूले शब्दको अर्थसम्पादन सामर्थ्यलाई शब्दशक्तिको नामले चिनाएकोमा भारी सार्थकता पाइन्छ (पोखरेल, २०५९, पृ. ८७)। यसरी शब्दको अर्थको सम्बन्धलाई नागेशले शब्दशक्तिबाट पनि प्रष्ट पारेका छन्। शब्दमा विभिन्न अर्थ हुन्छन्

। कुनै अर्थ सीधा वा सोझो हुन्छ भने कुनै अर्थ घुमाउरो हुन्छ । जे जस्तो अर्थ भएता पनि शब्दसँग अर्थको कुनै न कुनै प्रकारको सम्बन्ध जोडिएको हुन्छ भनेर पूर्वीय आचार्यहरूले बताएका छन् ।

**स्फोटवादमा शब्दार्थ**

स्फोटवाद भनेको वैयाकरणहरूको अर्थसम्बन्धी चिन्तन हो । जसबाट अर्थको प्रस्फुटन हुन्छ त्यो प्रस्फुटित अर्थ नै स्फोट हो । यो चिन्तन वैदिक युगबाट नै प्रारम्भ भएको मानिन्छ किनभने निरूक्तकार यास्कले स्फोटको आशयलाई केही मात्रामा स्पष्ट्याएका छन् । खासगरी शब्दको सत्ता स्वतन्त्र हुँदैन भन्ने उनको यो धारणा खण्डन गर्दै उनी शब्द, सर्वव्यापी र शाश्वत रहेको धारणा प्रकट गर्दछन् । भर्तृहरिले भने स्फोटवादलाई पूर्वीय दार्शनिक चिन्तनका परिप्रेक्ष्यमा व्याख्या गर्दै स्फोटलाई शब्दब्रह्मका रूपमा स्थापित गरेका छन् । सामान्य अर्थमा स्फोटले शब्दबाट अर्थ स्फुटित हुनु वा अवगत हुनु हो (बम, २०६४, पृ १०) । पतञ्जलिका अनुसार नित्यता नै स्फोट हो । भर्तृहरि स्फोटवादका माध्यमले सम्पूर्ण प्रक्रियालाई व्याख्या गर्दै त्यसलाई दार्शनिक स्वरूप प्रदान गर्दछन् । भर्तृहरिका अनुसार यो सारा सृष्टि शब्दब्रह्मबाट उत्पन्न भएको छ ।

**अभिहितान्वय र अन्विताभिधानवादमा शब्दार्थ**

यी दुबै सिद्धान्त भाषाबाट विचार वा अर्थ कसरी प्रकट हुन्छ भन्ने चिन्तनमा आधारित छन् । पहिलो सिद्धान्तले वाक्यलाई अर्थको आधारभूत एकाइ मान्दछ भने पछिल्लो सिद्धान्तले शब्दलाई आधारभूत एकाइ मान्दछ । अभिहितान्वयवादका प्रवर्तक कुमारिलले प्रथमतः अलग अलग एकाइका रूपमा वाच्य अर्थका बोध गराउँछन् । त्यसपछि त्यही अर्थले आफूमा अन्तर्निहित तात्पर्य शक्ति प्रयोग गरी पदहरूमा पारस्परिक अन्वयको बोध गराउँदै पूर्ण एकाइका रूपमा वाक्यार्थको बोध गराउँछ । मीमांसकहरूले यस शाखालाई अभिहितान्यवाद भनेका छन् । अभिहितानो पदार्थ नाम अन्वयः अभिहितात्वयः अर्थात उच्चारित पदका अर्थहरूको परम्परामा अन्वय भएपछि अर्थबोध हुन्छ भन्ने अभिप्राय यस समुदायका विद्वानहरूको रहेको छ (बम, २०६४, पृ १२)। यसरी प्रयोगद्वारा नै शब्दको अर्थ स्पष्ट हुने हुँदा एकपटक प्रयोग गर्दा अर्थ दिएका पदहरूको पछि पनि त्यही अर्थ दिन्छन् ।

अन्विताभिधानवादका प्रवर्तक प्रभाकर हुन् । उनी आधारभूत एकाइ वाक्यलाई मान्दछन् । वाक्यमा अन्वित भएका पदहरूले समष्टिगत रूपमा अर्थवोध गराउँछन् । पानीको धारामा थोपाहरूको स्वतन्त्र अस्तित्व नभएजस्तै वाक्यमा पदहरूको स्वतन्त्र सत्ता रहँदैन । अन्विताभिधानवादको अभिप्राय के देखिन्छ भने कुनै पनि वाक्यको अर्थ अखण्ड वा स्वयम्मा प्रयोग हुने पदहरूको स्वतन्त्र अस्तित्व पनि आवश्यक रहन्छ तर तिनीहरूले प्रथमतः परस्पर विच्छिन्न नभइकन आन्तरिक सम्बन्ध सूत्रहरूद्वारा अन्वित अर्थको बोध गराउँदछन् (न्यौपाने, २०६६, पृ. १६६) । त्यसपछि एउटै शब्द एकभन्दा बढी वाक्यमा प्रयोग हुँदा निश्चित वस्तु विशेषलाई सङ्केत गर्न पुग्ने भएबाट त्यस शब्दबाट स्वतन्त्र एकाइका रूपमा अर्थ बोध पनि सम्भव हुन्छ ।

## प्राप्ति र छलफल

संस्कृत भाषिक चिन्तनमा शब्द र अर्थको सम्बन्ध एक अत्यन्त गहिरो दार्शनिक र भाषावैज्ञानिक विमर्शको विषय हो, जसले वैदिक कालदेखि आजसम्म निरन्तर बहस र अध्ययनलाई जन्म दिएको छ। शब्द भन्नाले सामान्यतया ध्वनिसमूह वा वर्णसमूहलाई बुझाइन्छ, जसले अर्थ प्रकट गर्दछ भने अर्थ भन्नाले वस्तु, क्रिया, गुण वा तिनका सम्बन्धलाई जनाइन्छ। तर संस्कृत परम्परामा शब्द र अर्थ केवल भाषिक संरचना मात्र होइन, दार्शनिक र metaphysical विमर्शसँग पनि जोडिएका छन्। प्रारम्भिक वैदिक साहित्यमा मन्त्र र ऋचाहरूको प्रयोगले नै ध्वनि र शक्ति (शब्दशक्ति) बिचको सम्बन्धलाई उजागर गरेको पाइन्छ, जहाँ मन्त्र उच्चारण मात्रले पनि धार्मिक, आध्यात्मिक वा सांसारिक प्रभाव उत्पन्न हुन्छ भन्ने विश्वास थियो। यसै आधारमा पछि मीमांसा, न्याय, व्याकरण र बौद्ध दर्शनले शब्द र अर्थबिचको सम्बन्धलाई आआफ्नो ढङ्गले व्याख्या गरे। मीमांसा दर्शनमा, विशेषतः कुमारिल भट्टले, शब्द र अर्थबिचको सम्बन्धलाई नित्य अर्थात् अनादिकालदेखि स्थायी रूपमा रहेको तर्क गरेका छन्। उनका अनुसार शब्दले अर्थ जनाउनु कुनै संयोग वा मानवीय संमतिको परिणाम होइन, बरु ईश्वरप्रदत्त नियम हो जसलाई मानिसहरूले मात्र पहिचान गरेका हुन्। जैमिनिको मीमांसासूत्र मा पनि "शब्दस्यार्थे नित्यं सम्बन्धः" भन्ने सिद्धान्त प्रस्तुत गरिएको छ, जसले शब्द–अर्थबिचको सम्बन्धलाई metaphysical सत्यका रूपमा स्थापित गर्छ। यसरी मीमांसकहरूको दृष्टिमा शब्द र अर्थको सम्बन्ध अपरिवर्तनीय छ र यसलाई समय वा स्थानले प्रभावित गर्न सक्दैन। यसको विपरीत न्यायशास्त्रले शब्द र अर्थबिचको सम्बन्धलाई आगन्तुक वा संमतिको परिणाम मान्छ। गौतमको न्यायसूत्र मा स्पष्ट रूपमा भनिएको छ कि शब्दले अर्थ जनाउनुको कारण मानिसहरूले त्यसरी नै संमति (सङ्केत) गरेका हुन्, जसलाई convention भनिन्छ। उदाहरणका लागि, "गौः" शब्दले गाईलाई जनाउनु केवल मानिसबिच भएको सहमतिको कारण हो; यदि मानिसहरूले "गौः" शब्दलाई घोडासँग जोड्ने सहमति गरेका भए त्यसले गाईलाई होइन, घोडालाई जनाउँथ्यो। यसरी न्याय परम्पराले शब्द–अर्थसम्बन्धलाई मानवकृत र परिवर्तनशील मान्छ, जसले आधुनिक भाषाविज्ञानको structuralist दृष्टिकोणसँग पनि साम्य देखाउँछ। व्याकरण परम्परामा, विशेषतः पाणिनि, पतञ्जलि र भार्तृहरिको विचारमा, शब्द र अर्थको सम्बन्धबारे अझ सूक्ष्म व्याख्या पाइन्छ।

पाणिनिको अष्टाध्यायी ले शब्दलाई धातु र प्रत्ययादिको संयोजनबाट बनेको संरचनात्मक इकाइका रूपमा परिभाषित गर्दछ, जसको प्रयोगद्वारा अर्थ व्यक्त हुन्छ। पतञ्जलिको महाभाष्य मा शब्द, अर्थ र प्रयोगबिचको सम्बन्धलाई तार्किक रूपमा व्याख्या गरिएको छ, जहाँ भाषालाई केवल ध्वनिसमूह नभई समाजमा संचारको साधनका रूपमा बुझिन्छ। तर व्याकरण परम्पराको चरम दार्शनिक विकास भार्तृहरिको वाक्यपदीय मा पाइन्छ। उनले "शब्द एव ब्रह्म" भन्ने सिद्धान्त प्रस्तुत गर्दै शब्दलाई नै विश्वव्यापी ब्रह्मको रूपमा स्वीकार गरेका छन्। उनका अनुसार शब्द र अर्थ बिच कुनै भिन्नता छैन; शब्द नै अर्थ हो र अर्थ नै शब्द हो। यस दृष्टिले भाषा मात्र संचारको माध्यम नभई सम्पूर्ण जगत्को अस्तित्व र चेतनाको आधार हो। भार्तृहरिको यो अभेदवादले भाषालाई metaphysical उचाइमा पुऱ्याएको छ। अर्कोतर्फ बौद्ध दार्शनिकहरू, विशेषतः दिन्नाग र धर्मकीर्ति, शब्द र अर्थबिचको स्थायी सम्बन्धलाई अस्वीकार गर्छन्। बौद्ध क्षणिकवादअनुसार वास्तविकता क्षणिक वस्तुहरू (स्वलक्षण) मात्र हुन्, र शब्दले ती प्रत्यक्ष वस्तुलाई जनाउन सक्दैन। बरु शब्दले सामान्य लक्षण (सामान्यलक्षण) वा परिकल्पित श्रेणीलाई मात्र जनाउँछ। उदाहरणका लागि, "गौः" शब्दले कुनै विशिष्ट गाईलाई होइन, गाई भन्ने सामान्य अवधारणालाई मात्र जनाउँछ। यसरी बौद्ध दृष्टिमा शब्द र अर्थबिचको सम्बन्ध वस्तुगत नभई मानसिक र परिकल्पनात्मक हुन्छ। संस्कृत काव्यशास्त्रमा पनि शब्द–अर्थसम्बन्धको तहगत व्याख्या गरिएको छ। यहाँ शब्दले अर्थलाई तीन तहमा प्रकट गर्दछ: (१) अभिधा, जसले शब्दको प्रत्यक्ष वा प्राथमिक अर्थ जनाउँछ, जस्तै "गङ्गा" शब्दले नदीलाई जनाउँछ; (२) लक्षणा, जसमा शब्दले आफ्नो मूल अर्थ छाडेर सान्दर्भिक अर्थ जनाउँछ, जस्तै "गङ्गायां घोषः" भन्ने वाक्यमा नदीमा नभई नदीकिनारमा गाउँ भएको बुझिन्छ; (३) व्यञ्जना, जसले अप्रत्यक्ष, भावात्मक वा काव्यात्मक अर्थ प्रकट गर्छ, जसद्वारा रसोत्पत्ति हुन्छ। यसरी संस्कृत परम्परामा शब्द–अर्थसम्बन्धलाई केवल एक–आयाममा होइन, बहुस्तरीय रूपमा बुझाइएको छ। यस विषयलाई आधुनिक भाषाविज्ञानसँग तुलना गर्दा पनि रोचक साम्य देखिन्छ। Saussure को Course in General Linguistics मा signifier (शब्द) र signified (अर्थ) बिचको सम्बन्धलाई convention अर्थात् संमति आधारित भनिएको छ, जुन दृष्टिले न्यायशास्त्रीय सङ्केतवादसँग मेल खान्छ। तर भार्तृहरिको शब्दब्रह्मवाद भने Saussure को structuralism भन्दा परको metaphysical विमर्श हो, जसले भाषालाई सृष्टिको मूल आधार ठान्छ। यसरी संस्कृत भाषाशास्त्रले शब्द र अर्थलाई केवल संचारको साधनका रूपमा मात्र होइन, ज्ञान, चेतना र अस्तित्वसँग पनि जोडेर व्याख्या गरेको छ। यस सन्दर्भमा Matilal (1990) ले पनि संस्कृत दर्शनले विश्व भाषिक चिन्तनमा दिएको योगदानलाई औंल्याएका छन्। निष्कर्षतः, संस्कृत चिन्तनमा शब्द–अर्थसम्बन्धलाई विभिन्न दर्शनले आ–आफ्नो दृष्टिकोणबाट विश्लेषण गरेका छन्: मीमांसा परम्पराले यसलाई नित्य र दैवी मान्छ, न्यायशास्त्रले यसलाई संमति र परम्परामा आधारित ठान्छ, व्याकरण परम्पराले शब्द र अर्थलाई अभिन्न देख्छ र शब्दलाई नै ब्रह्म मानेर metaphysical उचाइमा पुऱ्याउँछ भने बौद्ध दर्शनले शब्दलाई केवल परिकल्पित सामान्य अवधारणासँग जोड्छ। यी सबै दृष्टिकोणहरूलाई समग्रमा हेर्दा संस्कृत भाषाशास्त्रले भाषालाई केवल व्यावहारिक उपकरण मात्र नभई मानवीय ज्ञान, सृष्टि र दार्शनिक चेतनाको आधारका रूपमा स्थापित गरेको स्पष्ट हुन्छ। आजको भाषाविज्ञान र सेमियोटिक्समा पनि यी विचारहरूको प्रतिध्वनि सुनिन्छ, जसले संस्कृत चिन्तनलाई समकालीन सन्दर्भमा पनि महत्त्वपूर्ण बनाएको छ।

संस्कृत भाषिक चिन्तनमा शब्द र अर्थको सम्बन्धबारे गहिरो विमर्श गरिएको छ। वैदिक युगदेखि नै भाषाविद् र दार्शनिकहरूले शब्द–अर्थको सम्बन्धलाई नित्य वा संमतिको प्रश्नका रूपमा व्याख्या गरेका छन्। मीमांसकहरूले शब्द र अर्थबिचको सम्बन्ध नित्य (स्थायी) हो भनी मान्दै यसलाई ईश्वरप्रदत्त र अनादिकालीन ठहराएका छन् (जैमिनि, मीमांसासूत्र)। विपरीतमा नैयायिकहरूले शब्दले अर्थ जनाउनु केवल मानिसबिचको सङ्केत (agreement) को कारण हो भनी तर्क गरेका छन् (गौतम, न्यायसूत्र)। व्याकरणपरम्परामा पाणिनि र पतञ्जलिले शब्दलाई धातु, प्रत्यय आदि संयोजनबाट बनेको ध्वनि समूहका रूपमा परिभाषित गर्दै प्रयोगात्मक पक्षलाई महत्त्व दिएका छन् भने भार्तृहरिले वाक्यपदीय मा शब्द र अर्थलाई अविभाज्य मानेर "शब्द एव ब्रह्म" भन्ने सिद्धान्त प्रस्तुत गरेका छन्, जसअनुसार शब्द नै विश्वव्यापी ब्रह्म हो र अर्थ–शब्दको भिन्नता छैन। अर्कोतर्फ बौद्ध दार्शनिक दिन्नाग र धर्मकीर्तिले शब्द केवल परिकल्पित सामान्य वस्तुलाई जनाउने, वास्तविक अर्थ भने क्षणिक स्वलक्षण मात्र भएको ठहर गरेका छन्। संस्कृत काव्यशास्त्रमा पनि शब्द–अर्थसम्बन्धलाई अभिधा (प्रत्यक्ष अर्थ), लक्षणा (संकेतित अर्थ) र व्यञ्जना (सूचित वा काव्यात्मक अर्थ) गरी तहगत रूपमा व्याख्या गरिएको छ, जसले शब्दलाई केवल संचारको साधन मात्र नभई भाव, सौन्दर्य र दार्शनिक चेतनाको वाहकका रूपमा प्रस्तुत गर्दछ। आधुनिक भाषाविज्ञानका सेमियोटिक दृष्टिहरूसँग तुलना गर्दा नैयायिक सङ्केतवाद Saussure को signifier–signified अवधारणासँग मिल्दोजुल्दो देखिन्छ, तर संस्कृत व्याकरण र मीमांसा परम्पराले भाषा र जगत्को सम्बन्धलाई metaphysical धरातलमा समेत उठाएका छन्। यसरी संस्कृत भाषिक चिन्तनमा शब्द–अर्थसम्बन्धलाई विभिन्न दर्शनले आ–आफ्नो ढङ्गले व्याख्या गरे पनि साझा रूपमा यसलाई मानवीय ज्ञान, संचार र सृष्टिको मूल आधारका रूपमा ग्रहण गरिएको छ

## निष्कर्ष

यस लेखमा संस्कृत भाषिक चिन्तन परम्पराअन्तर्गत वैदिक र लौकिक कालमा भाषिक शब्द र अर्थको सम्बन्धलाई अध्ययन गरिएको छ । शब्दार्थका सम्बन्धमा वैदिक युगदेखि नै विभिन्न विद्वान्ले चर्चा गरेको पाइन्छ । वैदिक युगमा विशेष गरी यास्कले शब्दले अर्थ दिनु भनेको शरीरमा प्राण भरेजस्तै हो भनेर शब्दार्थको चर्चा गरेका छन् । पाणिनि, कात्यायन र पतञ्जलिले आआफ्नो कृतिमा चर्चा गर्दै शब्द र अर्थका बिचको सम्बन्धको सिद्धता र नित्यताको अर्थ शब्दमा अर्थबोध गराउने क्षमता हो भनेका छन् । यसरी लोक व्यवहारमा अनादि कालदेखि नै शब्द र वस्तुका साथ सम्बन्ध रहँदै आएको कुरालाई धेरै विद्वान्ले स्वीकारेका छन् । संस्कृत भाषिक चिन्तनमा शब्द र अर्थवारे विभिन्न परम्परागत आ-आफ्ना विचार वा दृष्टिकोण पाइन्छन् । मीमांसा व्याकरणमा यसलाई नित्य र इश्वरदत्त मानिन्छ, न्यायमा ईश्वर तर अनित्य, बौद्धमा मात्र परम्परा निर्मित र भतृहरिको स्फोटा सिद्धान्तमा शब्द र अर्थको अभेद मानिन्छ । पूर्वमा संस्कृत भाषा र पश्चिममा ल्याटीन, ग्रीक, भाषामा गरिएको भाषिक चिन्तनले आधुनिक भाषाविज्ञान र संस्कृत भाषाको क्षेत्रमा थप सहज र विश्वसनीय बनाएको पाइन्छ ।

कात्यायनले पाणिनिको व्याकरणमा छुटेका शब्द र तिनको निर्वचनमा विशेष जोड दिएका छन् । यिनले लोकलाई महत्व दिँदै शब्दको प्रयोग लोकले गर्दछ भनेका छन् । भर्तृहरिले पनि शब्दार्थलाई कारण–कार्यात्मक सम्बन्धका रूपमा लिएको पाइन्छ । शब्द कारण हो भने अर्थ कार्य हो । यसरी साहित्यशास्त्रीहरूले शब्द र अर्थका बारेमा प्रशस्त चिन्तन गर्दै शब्द र अर्थबिचको सम्बन्धलाई नित्य मानेका छन् भने नैयायिकहरूमध्ये गौतम, कणाद र वात्स्यायनले भने शब्द र अर्थका बिचको सम्बन्ध नित्य नभएर साङ्केतिक मानेका छन् । यिनीहरूका अनुसार शब्द एउटा प्रतीकमात्र भएकाले सन्दर्भअनुसार शब्दार्थमा नित्यता हुँदैन । यसरी अनित्यवादीहरूले शब्द र अर्थको कुनै सम्बन्ध नरहेको कुरामा सङ्केत गरे तापनि यास्क, त्रिमुनी, भर्तृहरि, मीमांसावादीहरू लगायत अधिकांश पूर्वीय आर्चायहरू शब्द र अर्थको सम्बन्ध अनित्य नभई नित्य हो भनेर व्याख्या गरिएको निष्कर्ष निकालिएको छ ।

## लेखक परिचय

**केशव लम्साल** सुर्खेत बहुमुखी क्याम्पस वीरेन्द्रनगर सुर्खेतमा कार्यरत हुनुहुन्छ । उहाँ लामो समयदेखि विभिन्न प्रकारका लेखन तथा अनुसन्धान कार्यमा निरन्तर क्रियाशील हुनुहुन्छ ।

## सन्दर्भ सामग्रीसूची

आचार्य, व्रतराज (२०७२). *पूर्वीय तथा पाश्चात्य चिन्तन.* रत्न पुस्तक भण्डार ।

उपाध्याय, केशवप्रसाद (२०६१). *पूर्वीय साहित्य सिद्धान्त (चौथो संस्क.).* साझा प्रकाशन ।

गौतम, (१९६२), *न्यायसूत्रम्* (गङ्गानाथ झा अनुवाद). वाराणसी: चौखम्बा।

चालिसे, नारायण (२०६९). *पूर्वीय दार्शनिक मान्यतामा कोइरालका उपन्यास.* बङ्गलामुखी अफसेट प्रेस ।

जैमिनि, (१९८३). *मीमांसासूत्रम्* (सुभाष काक सम्पा.). मोतीलाल बनारसीदास।

तिमल्सिना, मोहनप्रसाद (२०६७). *भाषिक कालको विश्लेषण*. नेशनल प्रिटिङ्ग सर्भिस ।

तिवारी, भोलानाथ (सन् १९८४). *भाषाविज्ञान*. किताब महल १५ ।

न्यौपाने, भुवन (२०६६ माघ). *पूर्वीय भाषिक चिन्तन परम्परा*. आकुञ्जन, २ (२), १५६– १६७ ।

न्यौपाने, टङकप्रसाद, भण्डारी, पारसमणि र न्यौपाने, दीपकप्रसाद (२०६७). *भाषाविज्ञानका प्रमुख सिद्धान्त*. विद्यार्थी पुस्तक भण्डार ।

पाणिनि, (१९९५). *अष्टाध्यायी* (रत्नपाणि शास्त्री सम्पा.). चौखम्बा।

पोखरेल, भानुभक्त (२०५९). *सिद्धान्त र साहित्य*. साझा प्रकाशन ।

बन्धु, चुडामणि (२०५७). *भाषा विज्ञानका सम्प्रदाय*. एकता प्रकाशन ।

बम, इन्द्र (२०६४). *प्रमुख भाषिक सम्प्रदाय*. इन्टलेक्चयुअल्ज बुक प्यालेस ।

भण्डारी, पारसमणि र पोखरेल, केशवराज (२०७७). *अप्रकाशित मुडल सामग्री*. नेपाल खुला विश्वविद्यालय ।

शर्मा, विष्णुप्रसाद (२०७७). *वैदिक र लौकिक वाङ्मयमा भाषिक चिन्तन*. नेपाली समालोचना.

शर्मा, सोमनाथ (२०५८). *साहित्य प्रदिप*. विद्यार्थी पुस्तक भण्डार ।